## लिखुपिके गाँउपालिकाको गाँउ प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७७

## लिखु पिके गाँउपालिकाको कार्यालय,चौंलाखर्क।

## लिखुपिके गाँउपालिकाको गाँउ प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७

**प्रस्तावना** :स्थानीय सरकारका रुपमा लिखुपिके गाँउपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यमा सहयोग पुऱ्याउँदै स्थानीय स्तरको सभा, समारोह तथा चाडपर्वको सुरक्षा, व्यवस्थापन गर्न, स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्न, गाँउ सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्न र न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउन गाँउ प्रहरीको गठन, सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको अनुसुचि -८ को सूचि नं. १ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२)(क) ले दिएको अधिकारको कार्यान्वयन गर्न नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम लिखुपिके गाँउपालिकाको गाँउसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनको नाम " लिखुपिके गाँउपालिको गाँउ प्रहरी ऐन, २०७७" रहेको छ।

(ख) यो ऐन लिखुपिके गाँउपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखी लागु हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "अध्यक्ष" भन्नाले लिखुपिके गाँउपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

(ख) "उपाध्यक्ष" भन्नाले लिखुपिके गाँउपालिकाका उपाध्यक्षलाई सम्झनुपर्दछ।

(ग) "गाँउ कार्यपालिका" भन्नाले लिखुपिके गाँउपालिकाको गाँउ कार्यपालिकालाई सम्झनुपर्दछ।

(घ) "गाँउसभा" भन्नाले लिखुपिके गाँउपालिकाको गाँउसभा सम्झनुपर्दछ।

(ङ) "कार्यालय" भन्नाले लिखुपिके गाँउपालिकाको गाँउ कार्यपालिकाको कार्यालय र वडा कार्यालय समेतलाई सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लिखुपिके गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) "गाँउ प्रहरी प्रमुख" भन्नाले लिखुपिके गाँउपालिकाको गाँउ प्रहरी प्रमुखलाई सम्झनु पर्दछ।

(ज.) "गाँउ प्रहरी" भन्नाले यस ऐन अर्न्तगत नियुक्त भएका वा गरिएका गाँउ प्रहरीलाई जनाउँदछ।

(झ) "नियुक्तिको प्रमाण पत्र" भन्नाले गाउँपालिकाले प्रहरी नियुक्ति गर्दा दिइने प्रमाण पत्रलाई बुझ्नु पर्दछ।

## परिच्छेद - २

## गाउँपालिका प्रहरीको गठन

३. **गाउँपालिका प्रहरी कार्यालय** : (१) यस स्थानीय तहमा परिचालित प्रहरी कार्यालयको नाम "गाउँपालिका प्रहरी एकाई" रहनेछ ।

(२) दफा (१) बमोजिम कार्यालयमा निहित काम, कर्तब्य, अधिकार गाउँपालिकालले तोके बमोजिम हुनेछ ।

४. **गाउँपालिका प्रहरी गठन** : (१) यस ऐन वमोजिम गाउँपालिकामा एक गाउँपालिका प्रहरीको गठन गरिनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रहरीको गठन र त्यसमा रहने कर्मचारीहरुको नियुक्ति र संख्याको निर्धारण गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(३) गाउँपालिका प्रहरी अन्तर्गत गाँउ प्रहरी प्रमुख र अन्य प्रहरीको तलब र सेवाका अन्य कुराहरु गाउँ कार्यपालिकाले समय समयमा निर्धारण गरे वमोजिम हुनेछ । तर यसकै कारण गाउँपालिकामा कार्यरत अन्य कर्मचारीको सेवा सुविधामा असर नपर्ने गरि निर्धारण गर्नुपर्ने छ ।

५. **स्थानीय सरकारको अधिकार** :गाउँपालिका प्रहरीको रेखदेख गर्ने, नियन्त्रण गर्ने, परिचालन गर्ने र प्रहरीलाई निर्देशन दिने अधिकार गाउँपालिकाको अध्यक्षसगको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ । स्थानीय सरकारको आदेश र निर्देशन पालन गर्नु प्रत्येक गाउँपालिका प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

६. **नियुक्तिको प्रमाण पत्रः** (१) गाउँपालिका प्रहरीको गाँउ प्रहरी प्रमुख र त्यसदेखि मुनि दर्जाका हरेक प्रहरी कर्मचारी नियुक्त हुँदा तोकिए बमोजिमको प्रमाणपत्र दिनु पर्नेछ । कार्यपालिकाले विशेष आदेशद्वारा निर्देश गरेका कर्मचारीले सो प्रमाणपत्रमा सहीछाप गरिदिनुपर्छ ।

(२) नियुक्तिको प्रमाणपत्रमा उल्लेख गरिएका व्यक्ति प्रहरी कर्मचारीको नोकरीबाट बहाल टुटे पछि सो प्रमाणपत्र बदर वातिल हुनेछ ।

(३) आफ्नो पदबाट कुनै प्रहरी कर्मचारी निलम्बित रहेसम्म त्यस प्रहरी कर्मचारीले गर्नुपर्ने काम र पाउने विशेष सुविधा कायम रहने छैन ।

७. **करार सेवामा नियूक्ति गर्नु पर्ने** : (१) गाउँपालिका प्रहरीको कुनै पदपूर्तिको लागि रिक्त पदमा बढीमा दुई वर्षसम्मको लागि प्रहरी कर्मचारीको तोकिए वमोजिमका तहमा काम गर्नेगरी करारमा नियुक्ति गर्नु पर्नेछ । छनौट र नियुक्ती प्रकृया कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## गाउँपालिका प्रहरीको काम, कर्तव्य र अधिकार

८. **गाउँपालिका प्रहरी कर्मचारीहरू हरहमेशा ड्यूटीमा रहनु पर्ने** : यस तात्पर्यका लागि हरेक प्रहरी कर्मचारी हरहमेशा ड्यूटीमा रहेको मानिनेछ र गाउँपालिकाको कुनै भागमा जुनसुकै बखत पनि गाउँपालिका प्रहरी कर्मचारी काममा खटिन सक्दछ ।

९. **गाउँपालिका प्रहरी कर्मचारीले प्रयोग गर्न पाउने अख्तियार** : गाउँपालिका प्रहरीले यस ऐन वा अरू कुनै प्रचलित कानुनबाट पाएको अख्तियारभन्दा बढी अधिकार वा अख्तियारी प्रयोग गर्न पाउँदैन ।

१०. **गाउँपालिका प्रहरी कर्मचारीको कर्तव्य** : (१) स्थानीय सरकारको निर्देशन र नियन्त्रणमा रहने गरी आफ्नो जिम्मेवारी क्षेत्रभित्र गाउँपालिका प्रहरी कर्मचारीको देहाय बमोजिमको कर्तव्य हुनेछ :-

(क) गाउँपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन

(ख) गाउँपालिकाको सम्पतिको सुरक्षा र संरक्षण

(ग) स्थानीयस्तरमा हुने सभा, समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन

(घ) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन

(ङ) गाउँपालिका सरसफाइ सम्बन्धी मापदण्डको कार्यान्वयन

(च) न्यायिक समितिले गरेको मिलापत्र तथा निर्णयको कार्यन्वयन

(छ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको सुरक्षा

(ज) विपद व्यवस्थापन सम्बन्धि खोजि, उद्धार, राहत तथा पुनस्थापना

(झ) स्थानीय प्राकृतिक स्रोत र अचल सम्पत्तिको संरक्षण चोरी निकासी नियन्त्रण

(ञ) छाडा पशु चौपायाको नियन्त्रण

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रण ,

(ठ) प्राकृतिक तथा साँस्कृतिक सम्पदाको संरक्षण

(ड) कार्यालयले तोकेको अन्य कार्य

(२) अन्य कर्तव्यहरु निम्न बमोजिम रहने छन :

क) सार्वजनिक बाटो इत्यादिमा सवारी वा यात्रीहरूको व्यवस्थापन गर्ने

ख) गाउँपालिकामा आयोजित सार्वजनिक सभा र जुलुसको व्यवस्थापन गर्ने

ग) गाउँपालिकाको परिधिभित्र फेलापरेको सार्वजनिक सम्पत्तिको सुरक्षाको जिम्मा लिने

(३) गाँउ प्रहरी प्रमुखको प्रत्यक्ष सुपरीवेक्षण, नियन्त्रण र निर्देशनमा रही गाँउ प्रहरीले कार्य गर्नेछ ।

**११. गाउँपालिका प्रहरी कर्मचारीले रेकर्ड राख्नुपर्ने** : (१) स्थानीय सरकारले तोके बमोजिमको ढाँचामा आफुले गरेको दैनिक कार्यको रेकर्ड राखी त्यसमा गाउँपालिकाको आफ्नो अधिकार क्षेत्रमा भएका सबै घटनाको रेकर्ड राख्नुपर्नेछ ।

**१२.प्रतिवेदनः** गाँउ प्रहरीले गरेको कार्य सम्पादनको मासिक प्रतिवेदन गाँउ प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृत मार्फत् अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## कसूर र सजाय

१३. गाउँपालिका प्रहरी कर्मचारीले देहायको कुनै कसूर गरेमा निजलाई तीन महिनाको तलब बराबरसम्म जरिबाना सजाय हुनेछ :-

क) यस ऐनमा तोकिएको कर्तव्यको पालना नगरेकोमा,

ख) पदको रबाफ देखाई व्यतिगत फाइदा हुने कुनै काम गरेमा

ग) आफुलाइ नियुक्त गर्न अधिकार पाएका अधिकारीको इजाजत बिना राजिनामा गरेमा वा आफ्नो पदको कर्तव्य पालन गर्न छाडेमा

घ) स्थानीय सरकारले दिएको आदेश नमानेमा

ङ) राजनैतिक उद्देश्यले संगठन गरिएको सभा, जुलुस वा प्रदर्शनमा भाग लिएमा, भाषण गरेमा, नारा लगाएमा वा वक्तव्य दिएमा

च) आफ्नो ओहदाको धाकधम्की दिई कसैलाई अनाहक दुःख दिएमा वा कसैको सम्पत्ति हानी नोक्सानी गरेमा

छ) आफ्नो जिम्मामा रहेको सरकारी वा अरू कसैको संयन्त्र, सरसामान, नगदी, जिन्सी, सवारीको साधन र इन्धन इत्यादी जानी जानी वा लापरवाही गरी बिगारेमा, नासेमा, हराएमा वा दुरूपयोग गरेमा वा वदनीयतीले आफ्नो वा अरू कसैको निमित्त लिएमा वा दिएमा,

**१४. छानबीनः** गाँउ प्रहरीले कानून विपरीत वा बदनियत पूर्वक कार्य गरेको भनी कार्यालयमा लिखित उजूरी वा गुनासो पेश हुन आएमा सो उपर प्रमुख प्रशासकीय अधिकृतले छानबीन गरी आवश्यक कारवाही गर्नेछ ।

**१५. कारवाही तथा बर्खास्तीः** कुनै गाँउ प्रहरीले प्रचलित कानून वा गाउँपालिकाको निर्णय, नीति, नियम विपरितको कार्य गरेमा वा बदनियतपूर्वक कार्य गरी गाँउपालिकालाई हानी नोक्सानी पुऱ्याएमा वा आचरण पालना नगरेमा वा अनुशासनहीन कार्य गरेमा निजलाई प्रमुख प्रशासकीय अधिकृतले **नसिहत** दिन, पद घटुवा गर्न, क्षती भराउन वा करार सम्झौतामा उल्लेख भए बमोजिमको आवश्यक कारवाही गर्न सक्नेछ । तर कारबाहि गर्नु भन्दा अगाडि सफाई पेश गर्ने मौका प्रदान गर्नु पर्दछ ।

**१६. अरू ऐन बमोजिम मुद्दा चलाउन अधिकारमा बाधा नपार्ने** : यस ऐनबमोजिम सजाय हुने अपराध गर्ने व्यक्ति उपर अरू ऐन बमोजिम मुद्दा चलाउन वा त्यस्ता व्यक्तिलाई अरू ऐन बमोजिम सजायको भागी हुन वा यस ऐनमा

लेखिएका दण्ड सजाय भन्दा बढी अरू सजायको भागी हुन यस ऐनको कुनै कुराले बाधा पर्दैन । तर कुनै व्यक्तिलाई एउटै अपराधमा दुई पटक सजाय भने हुन सक्दैन ।

## परिच्छेद - ४

## बिबिध

**१७. आचरण तथा अनुशासनः** गाँउ प्रहरीले पालना गर्नु पर्ने अनुशासन एवं आचरण सम्बन्धी व्यवस्था कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

**१८. पोशाक र चिन्हः** गाँउ प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक र सोको रंग सम्बन्धी व्यवस्था कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

**१९. संचार सेटः** कार्यालयले गाँउ प्रहरीको कार्य सम्पादनलाई प्रभावकारी बनाउन आवश्यक संख्यामा संचार सेट र सुरक्षाका अन्य आवश्यक उपकरण उपलब्ध गराउन सक्ने छ ।

**२०. निरीक्षणः** गाँउपालिकाको अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले गाँउ प्रहरीको ड्युटीको जुनसुकै बखत निरीक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ ।

**२१. आवासः** कार्यालयले गाँउ प्रहरीलाई आवश्यकता र औचित्यको आधारमा आवासको व्यवस्था मिलाउन सक्नेछ ।

**२२. पारिश्रमिक, राशन, बिदा तथा अन्य सुविधाः**

(१) गाँउ प्रहरीको पारिश्रमिक, राशन, बिदा तथा अन्य सेवा शर्त र सुविधा यस ऐन, नियम र करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(२) कार्यालयलाई गाँउ प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्य सम्पादनको आधारमा करारको म्याद आवश्यकता अनुसार दुई बर्षमा नबढने गरी थपगर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखेको भएतापनि कार्य सम्पादन स्तर संन्तोष जनक नरहेको गाँउ प्रहरीको सेवा करार सम्झौता कार्यालयले जुनसुकै समयमा रद्द गर्न सक्नेछ ।

**२३. तालीमः** कार्यालयले गाँउ प्रहरीलाई समय समयमा सुरक्षा तथा सम्बन्धित अन्य विषयमा आवश्यक तालीमको व्यवस्था गर्न सक्नेछ ।

**२४. पुरस्कारः** प्रशंसनीय एवं उत्कृष्ट कार्य सम्पादन गर्ने गाँउ प्रहरीलाई गाँउपालिकाको कार्यालयले पुरस्कृत गर्न सक्नेछ ।

**२५. कार्य सञ्चालन प्रक्रियाः** कार्यालयले गाँउ प्रहरीको कार्य सञ्चालन प्रक्रिया (Standard Operating Procedure) बनाई लागू गर्न सक्नेछ ।

**२६. नियम बनाउने अधिकार :** (१) यस ऐनको उद्देश्य कार्यान्बयन गर्नलाई लिखुपिके गाँउपालिकाले नियम, बिनियम, कार्यबीधि बनाउन सक्नेछ ।